| ऐन संख्या :- | |
|---|---|

# साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन, २०७६

| सभाबाट स्वीकृत मिति :- | २०७६।११।१४ |
|---|---|

# साँगुरीगढी गाउँपालिका

## धनकुटा जिल्ला

## १ नं. प्रदेश

साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन, २०७६

**प्रस्तावना** : साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन, २०७६ लाई समयानुकुल संशोधन गर्न बाञ्छनीय भएकोले,

साँगरीगढी गाउँसभाले यो ऐन बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम "साँगुरीगढी गाउँपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन २०७६" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ

२. साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन, २०७६ को दफा (२०) मा संशोधन : साँगुरीगढी गाउँपालिकाको शिक्षा ऐन, २०७६ (यस पछि मूल ऐन भनिएको) को दफा (२०) उपदफा (१) (क) मा "अभिभावकहरु मध्येबाट छानी पठाएको दुईजना महिला सहित चार जना- सदस्य" उल्लेख भएकोमा "अभिभावकहरु मध्येबाट छानी पठाएको दुईजना महिला सहित पाँच जना- सदस्य" भनी उल्लेख गरिएको ।

३. मूल ऐनको दफा (२०) मा उपदफा (१०) थप गरी "यस दफाको उपदफा (१) बमोजिम गठन हुने विध्यालय व्यवस्थापन समितिमा जनप्रतिनिधिहरु रहन पाउने छैन । यस अगाडि विध्यालय व्यवस्थापन समिति गठन भई समितिमा जनप्रतिनिधिहरु रहेको भए तापनि यो उपदफा गाउँसभाबाट पारित भए पश्चात अमान्य भएको मानिने छ" भनी थप गरिएको।

४. मुल ऐनको दफा (२२) मा संशोधन : सबै विध्यालयमा शिक्षक र अभिभावकहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछ । यस सम्वन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ" भन्ने उल्लेख भएकोमा देहाय बमोजिम संशोधन गरिएको ।
"शिक्षक अभिभावक संघ सम्वन्धी व्यवस्थाः (१) प्रत्येक विध्यालयमा शिक्षक र अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) विध्यालय व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई अभिभावकहरु मध्येबाट अध्यक्ष, विध्यालयका प्रधानाध्यापक, एक जना

शिक्षक र अभिभावकहरु रहने गरी १५ सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गरिने छ ।

(३) स्रोत कक्षा सञ्चालित विध्यालयमा उपदफा (२) बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा अपाङ्गता भएका विध्यार्थीका कम्तीमा एक जना अभिभावक हुनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधी तीन वर्षको हुनेछ ।

(५) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिको तीन महिनामा कम्तीमा एक पटक बैठक बस्नेछ र बैठक सम्वन्धी कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (२) बमोजिम गठित कार्यकारी समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(७) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विध्यालयको विध्यालय व्यवस्थापन समितिले यस दफा बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

५. मूल ऐनको दफा २६ मा संशोधन : "शिक्षक तथा कर्मचारीको नियुक्तिः विध्यालयमा कायम भएको रिक्त दरवन्दीमा शिक्षक तथा विध्यालय कर्मचारी पदमा करार नियुक्तिको लागि देहाय बमोजिम छनौट समिति हुनेछ" भन्ने उल्लेख भएकोमा देहाय बमोजिम संशोधन गरिएको ।

(१) " शिक्षकको नियुक्तिः विध्यालयमा कायम भएको रिक्त दरवन्दीमा शिक्षक पदमा करार नियुक्तिको लागि देहाय बमोजिमको छनौट समिति हुनेछ" भनि संशोधन गरिएको।

(२) मूल ऐनको, को दफा (२६) मा उपदफा (३) थप गरी देहाय बमोजिम उल्लेख गरिएको " विध्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्ताको नियुक्तिः (क) सामुदायिक विध्यालयमा कार्यरत विध्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्ताको पद रिक्त भएमा सोको जानकारी गाउँ कार्यपालिकाको कार्यालयलाई दिनु पर्नेछ ।

(ख) विध्यालयमा रिक्त भएको विध्यालय कर्मचारी तथा बालविकास सहयोगी कार्यकर्ता नियुक्तिका लागि गाउँ कार्यपालिकाको कार्यालयबाट अनुमति लिनु पर्नेछ ।

(ग) विध्यालय व्यवस्थापन समितिको अनुरोधमा आधारभूत तथा माध्यमिक तहको शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले दुई जना विज्ञको रुपमा तोक्नु पर्नेछ । छनौट सम्वन्धी अन्य व्यवस्था विध्यालय व्यवस्थापन समितिले बनाएको कार्यविधि बमोजिम हुनेछ ।

(घ) विध्यालयले उक्त पदहरु पदपूर्ति गर्दा गाउँपालिकाले दिएको अनुमति वा विध्यालय व्यवस्थापन समितिले बनाएको कार्यविधिको प्रतिकुल देखिएमा गाउँ कार्यपालिकाको कार्यालयले उक्त नियुक्ति बदर गर्न सक्नेछ ।

(ङ) विध्यालयले उक्त पदहरु पदपूर्ति गर्दा गाउँपालिकाले दिएको अनुमति वा विध्यालय व्यवस्थापन समितिले बनाएको कार्यविधिको प्रतिकुल देखिएमा गाउँ कार्यपालिकाको कार्यालयले उक्त नियुक्ति बदर गर्न सक्नेछ ।

(च) उक्त पदहरुमा भएको नियुक्ति सम्वन्धी निर्णय वा नियुक्ति हुने उम्मेदवारको व्यक्तिगत फायल अभिलेख प्रयोजनका लागि गाउँ

कार्यपालिकाको कार्यालयमा सम्वन्धित विध्यालयले पेश गर्नु पर्नेछ" ।

६. मूल ऐनको परिच्छेद ७ मा "संस्थागत विध्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्यांकन र नियमन सम्वन्धी व्यवस्था" उल्लेख भएकोमा "सामुदायिक र संस्थागत विध्यालयको सञ्चालन अनुमति, कक्षा थप अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्यांकन र नियमन सम्वन्धी व्यवस्था" उल्लेख गरिएको ।

७. मूल ऐनको दफा ३९ मा संशोधन : मूल ऐनको दफा ३९ मा उपदफा (२) थप गरी " विध्यालयको कक्षा थप सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ भनि उल्लेख गरिएको।

(क) कुनै विध्यालयले माध्यमिक तह (१-१२) सम्मको कक्षा थप गर्न चाहेमा शैक्षिकसत्र सुरु हुनु भन्दा कम्तिमा दुई महिना अगावै गाउँ शिक्षा समितिमा निवेदन दिनु पर्नेछ ।

(ख) कक्षा थपका लागि निवेदन परेमा गाउँ शिक्षा समितिले थप हुने कक्षाका लागि पूर्वाधार पुरा भए नभएको अनुगमन गरी जाँचवुझ गर्नेछ । स्थलगत अनुगमन गर्दा पूर्वाधार पुरा भएको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले शैक्षिक सत्र सुरु हुनु एक महिना अगावै कक्षा थपको अनुमति दिन सक्नेछ । तर कक्षा थप अनुमति दिंदा एक शैक्षिकसत्रमा एक कक्षा मात्र थप गर्न अनुमति दिन सकिनेछ" भनी उल्लेख गरिएको ।

८. मूल ऐनको दफा ३९ मा उपदफा (३) थप गरी " विध्यालयको तह वा कक्षा घटाउने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) तोकिएको न्यूनतम पूर्वाधार नभएको पाइएमा वा तोकिएको शर्तहरु पालना नभएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले त्यस्तो विध्यालयको तह वा कक्षा घटाउन सक्नेछ ।

(ख) उपदफा (१) बमोजिम विध्यालयको तह वा कक्षा घटाउदा विध्यालयलाई सफाईको उचित मौका दिइनेछ" भनी उल्लेख गरिएको ।